# काठमाडौँ उपत्यकाबाट प्रकाशित अनलाइनहरूको अनुगमन प्रतिवेदन, २०७५

अनलाइन मिडिया अनुगमन उपसमितिद्वारा

न्यूनतम पारिश्रमिक निर्धारण समितिमा प्रस्तुत

मिति : २०७५ असार


**प्रस्तुतकर्ता**

संयोजक : युवराज विद्रोही

सदस्य : सुभेच्छाविन्दु तुलाधर

सदस्य : शिव सत्याल

सदस्य : अस्बिना बराल

सदस्य : सरस्वती महर्जन

सदस्य : गणेशमान सिं राई

# नेपालको अनलाइन मिडियाको पृष्ठभुमि

नेपालमा सन् १९९५ मा कान्तिपुर पब्लिकेसन्सले आफ्ना समाचार अनलाइनमा राखेर अनलाइन पत्रकारिताको श्री गणेश भएको थियो । उक्त पब्लिकेसन्सबाट प्रकाशित हुने अंग्रेजी पत्रिका दि काठमाडौ पोष्टको समाचारलाई मर्कनटायल कम्युनिकेसन र अमेरिकामा अध्ययनरत राजेन्द्र श्रेष्ठको सहयोगमा अनलाइनमा समाचार राख्ने काम भएको थियो । यसरी राखिएको समाचार दक्षिण एसियाकै पहिलो प्रयास बन्न पुगेको थियो । यसरी  शुमर्कन्टायलको संलग्नमा शुरु भएको इन्टरनेट सेवा प्रदायकलाई पछि साउथ एशिया डट कम नेट र नेपालन्यूज डटकम शुरु गर्ने माध्ययम भयो । पछि सन् १९९७ मा हिमाल मिडियाले पनि आफ्नो प्रकाशन हिमाल साउथ एसियालाई इन्टरनेटमा उपलब्ध गराउन थालियो । सन् १९९९ मा मर्कन्टायलले नेपाली पत्रपत्रिकाको समाचार राख्ने गरी नेपाल न्यूज शुरु गरेको थियो । त्यसको केही समय पछि सन् २००० मा कान्तिपुरले अनलाइन पत्रकारिताको सम्भावनालाई  मध्यनजर गर्दै कान्तिपुर अनलाइन डट कम शुरु गर्‍यो । सन् २००२मा कामना कामना प्रकाशनले न्युज अफ नेपाल शुरु गर्‍यो भने सन् २००८ मा धुम्वाराही प्रकाशन गृहले दैनिकी डट कम र माइ रिपब्लिका डट कम शुरु गरेर नेपाली अनलाइन पत्रकारितालाई व्यवसायिक रुपमा अगाडि बढाए । यसरी व्यवसायिक रुपमा अगाडि बढेको सो अनलाइन छिटो समयमा नै चर्चित भए । नेपालमा विस्तारित हुँदै गएको इन्टरनेट सेवाले अनलाइनका पाठकहरु पनि बढ्न थाले । यसरी विकसित हुँदै गएको अनलाइन पत्रकारिता हाल आएर व्यापक रुपमा विस्तार हुँदै गयो ।

प्रेस काउन्सिल नेपालमा अहिले दर्ता भएको आँकडाबाट पनि प्रमाणित हुन्छ की अनलाइन पत्रकारिताको विकास रफ्तारमा बढेको छ । काउन्सिलमा हाल १२१५ अनलाइन दर्तामा रहेका छन् । अनलाइन पत्रकारिताको विकास संगसंगै समस्या पनि सोही मात्रमा बढ्दै गएको छ । यी नै कुरालाई मध्यनजर गरी न्यूनतम पारिश्रमिक निर्धारण समितिले पहिलो पटक अनलाइन मिडियाको अध्ययन गर्न उप समिति  गठन गरेको थियो ।

## विषय प्रारम्भ

अनलाइन  मिडियामा कार्यरत श्रमजीवी पत्रकार, कर्मचारी कामदारको सेवा, शर्त, सुविधा एंव मासिक पारिश्रमिक सम्बन्धमा अनुगमन गर्ने कार्य न्यूनतम पारिश्रमिक निर्धारण समितिले गर्दै आएको छ । आफ्नो गठनको उद्देश्य अनुरुप अनलाइनहरुमा कार्य भए नभएको हेर्न तथा पत्रकारले पाउने तलव सुविधा लगायत कार्यलाई थप प्रभावकारी बनाउन समितिले अनलाइन सञ्चार प्रतिष्ठानहरुको अनुगमन गर्न उपसमिति गठन गरेको छ ।

न्यूनतम  पारिश्रमिक निर्धारण समितिको संयोजकत्वमा सूचना तथा प्रविधि मन्त्रालय , सूचना विभाग , श्रम तथा रोजगार मन्त्रालय, प्रेस काउन्सिल नेपाल, नेपाल पत्रकार महासंघको प्रतिनिधि सहितको न्यूनतम पारिश्रमिक अनुगमन उपसमिति गठन भएको थियो । उपसमितिले काठमाडौमा सञ्चालनमा

रहेका ठुला तथा मध्य खालका अनलाइनहरुको अनुगमन गरेको थियो । अनुगमनका क्रममा अनलाइनमा कार्यरत श्रमजीवी पत्रकार, व्यवस्थापक, कर्मचारीहरुसंग प्रत्यक्ष छलफल गरिएको थियो । त्यसैगरी श्रमजीवी पत्रकारहरुको आर्थिक लगायत अन्य समस्या तथा अवस्थाको जानकारीका लागि फाराम भर्न लगाइएको थियो । सोही छलफल, अनलाइनको अनुगमनका क्रममा अनुगमन टोलीले गरेका अनुभव तथा पत्रकारहरुले भरिएका फारामको आधारमा अनुगमन प्रतिवेदन तयार गरिएको छ ।

## अनुगमनको उद्देश्य

- पत्रकार, कर्मचारी तथा अनलाइन सञ्चारको अवस्था बारे जानकारी लिन ।
- कार्यालयको कामको वातावरण बारे जानकारी लिन ।
- श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियम बमोजिम नियुक्तिपत्र प्राप्त गरे नगरेको जानकारी लिन ।
- नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्राप्त गरे नगरेको बारे जानकारी लिन ।
- नियमित पारिश्रमिक प्राप्त गरे नगरेको बारे जानकारी लिन ।
- श्रम ऐनले व्यवस्था गरे बमोजिम विदा, सुविधा, श्रमजीवी पत्रकार ऐन अनुसार पाउनु पर्ने बीमा सञ्चयकोषको व्यवस्था लगायत अन्य थप सुविधाहरु प्राप्त गरे नगरेको बारे जानकारी लिन ।

## अनुगमनमा अपनाइएको विधि

- सम्बन्धित कार्यालयको स्थलगत अनुगमन
- छलफल तथा अन्तर्क्रिया
- फाराम भर्ने कार्य

## अनुगमनका आशातित उपलब्धी

- अनलाइनमा कार्यरत पत्रकार ,व्यवस्थापक तथा कर्मचारीहरुको अवस्था पहिचान हुनेछ ।
- सरकार , सरोकारवाला बीचको समबन्ध विस्तार हुनेछ ।
- श्रमजीवी पत्रकारहरुको हकमा कार्य गर्न सहज हुनेछ ।

## अनुगमन गरिएका अनलाइनहरु

- रातोपाटी
- बाह्खरी
- थाहा खबर
- अनलाइन खबर
- लोकान्तर
- नेपाली जनता
- कृषिक अनलाइन
- साझा पाटी
- हेराल्ड पोष्ट
- न्यूज अभियान
- खबर पौवा
- कान्तिपुर हटलाइन

## रातोपाटी

- न्यूनतम पारिश्रमिकको व्यवस्था भएको
- पत्रकारलाई टिकाइ राख्न चुनौति
- संचयकोषको व्यवस्था नभएको , यही साउन देखि लागु गर्ने
- अनलाइनको पनि वर्गीकरण गर्नु पर्ने
- आफ्ना समाचारहरु अन्य अनलाइनहरुले तत्काल साभार गर्ने समस्या
- अनलाइन सञ्चालनमा समस्या छैन
- पत्रकार  २७ जना कार्यरत छन् ,ती मध्ये २ महिला रहेको

## बाह्खरी

- न्यूनतम पारिश्रमको व्यवस्था भएको

- डेढ वर्ष काम गरेकालाई सञ्चयकोषको व्यवस्था भएको
- थप काम गरेको समयमा तलब पनि थप हुने
- डेढ वर्ष काम गरेकालाई स्थायि नियुक्ति
- सञ्चार भत्ताको व्यवस्था भएको
- कम्पनी नियमावली बनाउने क्रममा
- पत्रकारको बिमा महासंघले व्यवस्था गरेको कारण दोहोरो नगरेको
- उपचार विमा गर्ने तयारीमा
- महंगी भत्ताको व्यवस्था छैन
- आफ्ना समाचारहरु अन्य अनलाइनहरुले तत्काल साभार गर्ने समस्या
- सरकारले पत्रिका पालेर हुँदैन, बजारले नियन्त्रण गर्नु पर्छ ।

## थाहा खबर

- कामको आधारमा तलवको सुविधा ,न्यूनतम पारिश्रमिकको व्यवस्था भएको
- नियमावली बनाउँदै छौ
- बैकको भौचर हेरर प्रेस पासको दिने व्यवस्था गर्नुपर्ने
- अनलाइनको पनि वर्गीकरण गर्नु पर्ने
- दक्ष जनशक्तिको अभाव
- १७ जना पत्रकार मध्ये २ जना पत्रकार महिला कार्यरत
- नागरिक लगानी कोषको व्यवस्था गरिने

## लोकान्तर

- न्यूनतम पारिश्रमिकको व्यवस्था भएको
- सबैलाई ल्यापटपको व्यवस्था
- १३ जना पत्रकारमा २ जना पत्रकार महिला कार्यरत
- आवश्यकता अनुसार विदाको व्यवस्था गरिएको
- अनलाइन सञ्चालन गर्दा पनि धरौटीको व्यवस्था गर्नुपर्ने
- बढी समय काम गरेको अवस्थामा थप तलवको सुविधा
- विना व्याज मोटरसाइकल किन्न ऋणको व्यवस्था गरेको
- विदेश भ्रमणको अवसर
- नियुक्ति एक एक वर्षमा गर्ने

- सञ्चयकोषको व्यवस्था छैन
- पत्रकार टिकाउन कठिन
- नियमावली बनाउने क्रममा
- आफ्ना समाचारहरु विना स्रोत साभार गरिरहेको
- अनलाइनको पनि वर्गीकरण हुनुपर्छ

**अनलाइन खबर**

- दक्ष जनशक्तिको अभाव
- अब गुणस्तरीय पत्रकारिताको लागि काम गर्नु पर्नै
- सञ्चयकोषको व्यवस्था भएको
- अनलाइनमा साभार पत्रकारिता मौलायो , यसलाई नियन्त्रण गर्नु पर्ने
- अनलाइनहरुको वर्गीकरण गर्ने तर विज्ञापनको व्यवस्था गर्नु हुँदैन
- देशभर १०० पत्रकार कार्यरत त्यसमध्ये ७ पत्रकार महिला कार्यरत छन्
- न्यूनतम पारिश्रमिकको व्यवस्था भएको
- व्यवसायीक पत्रकारिताका लागि राज्यले तालिमको व्यवस्था गर्नु पर्ने
- अनलाइनमा पत्रकारको अभाव , त्यसमा पनि दक्ष पत्रकार महिलाको अझ् बढी अभाव

## nepalijanta.com

- विगत तीन वर्षदेखि संचालित
- समग्रमा संन्तोष जनक
- नियमित पारिश्रमिक उपलब्ध भइरहेको

**व्यवस्थापकको भनाई**

- लोककल्याणकारी विज्ञापन समानुपातिक ढंगले वितरण गरिनु पर्ने
- अनलाईनलाई बर्गिकरण गरिनु पर्ने
- अनुगमनलाई प्रभावकारी बनाइनु पर्ने
- अनलाईन पत्रकारीतामा देखिएको विसंगति र विकुतिलाई अन्त गर्न ठोस र प्रभावकारी कदम चाल्नु पर्ने

## Krishionline.com

- थोरै जनशक्तिले संचालित
- समाचारको अधारमा पारिश्रमिक पाइरहेको

**व्यवस्थापकको भनाइ**

- सरकारले विधागत पत्रकारीतालाई उपेक्षा गरेको ।
- अनलाइनलाई वर्गिकरण गरिनु पर्ने ।
- समानुपातिक ढंगले विज्ञापन उपलब्ध गराउनु पर्ने ।
- विद्यागत रुपमा संचालित अनलाइनलाई विशेष सुविधा उपलब्ध गराउनु पर्ने ।

## Sajhapati.com

- सम्भव भएसम्म पत्रकारलाई पारिश्रमिक उपलब्ध गराइरहेको
- सानो र चुस्त टिम
- अनालइन चलाउन आर्थिकरुपमा समस्या जस्तो देखिएको

**व्यवस्थापकको भनाई**

- -सरकारले अनलाइन प्रति विभेद गरेको
- -विज्ञापन उपलब्ध गराउनु पर्ने
- -अनलाइनमा पनि छापा माध्यममा जस्तै विज्ञापनको मान्यता दिनु पर्ने ।

## eheraldpost.com

- सानो लगानीमा संचालित
- समाचार लेखेवापत पारिश्रमिक उपलब्ध गराइएको ।
- पुरा समय काम गर्ने पत्रकार नभएको ।

**व्यवस्थापकको भनाई**

- तत्काल लोककल्याणकारी विज्ञापन उपलब्ध गराउन न्युनतम पारिश्रमिक निर्धाण समितिले पहल गर्नु पर्ने ।
- अनुगमन फितलो
- तत्काल अनलाईनको वर्गिकरण गरि विज्ञापन उपलब्ध गराउनु पर्ने ।
- अनलाइनमा प्रकाशित विज्ञापनलाई दैनिक पत्रिकामा प्रकाशित विज्ञापन सरह मान्यता दिनुपर्ने ।

## newsabhiyan.com

- समग्रमा संन्तोष जनक ढंगले संचालनमा रहेको ।
- नियमित पारिश्रमिक उपलब्ध भइरहेको ।

**व्यवस्थापकको भनाई**

- लोककल्याणकारी विज्ञापन समानुपातिक ढंगले वितरण गरिनु पर्ने

- चाँडो अनलाईनलाई बर्गिकरण गरिनु पर्ने
- अनुगमनलाई प्रभावकारी बनाइनु पर्ने
- अनलाईन पत्रकारीतामा देखिएको विसंगति र विकुतिलाई अन्त गर्न ठोस र प्रभावकारी कदम चाल्नु पर्ने
- राज्यले अनलाइनलाई व्यवस्थीत गर्न ठोस निति ल्याउनु पर्ने ।

## Khabarpauwa.com

- समग्रमा संन्तोष जनक र सानो लगानीमा संचालित
- समाचार लेखे बापत नियमित पारिश्रमिक उपलब्ध भइरहेको

**व्यवस्थापकको भनाई**

- लोककल्याणकारी विज्ञापन समानुपातिक ढंगले वितरण गरिनु पर्ने
- अनलाईनलाई बर्गिकरण गरिनु पर्ने
- अनुगमनलाई प्रभावकारी बनाइनु पर्ने

## kantipurhotline.com

- समग्रमा संन्तोष जनक
- नियमित पारिश्रमिक उपलब्ध भइरहेको

**व्यवस्थापकको भनाई**

- लोककल्याणकारी विज्ञापन समानुपातिक ढंगले वितरण गरिनु पर्ने
- अनलाईनलाई बर्गिकरण गरिनु पर्ने
- अनुगमनलाई प्रभावकारी बनाइनु पर्ने
- अनलाईन पत्रकारीतामा देखिएको विसंगति र विकुतिलाई अन्त गर्न ठोस र प्रभावकारी कदम चाल्नु पर्ने

**धन्यवाद ।**